# काठमाडौं महानगरपालिका

# ॐ महानगरपालिका ...

# नगर कार्यपालिकाको कार्यालय

## बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

(राजश्व विभाग)

पत्र संख्या :२०७४/०७५
चलानी नं.: ५५३

मिति : २०७४/१२/१६

श्री वित्त विभाग,
काठमाडौं महानगरपालिका ।

विषय : **व्यवसाय करटोली व्यवस्थापन सम्बन्धमा ।**

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय (प्रमुख प्रशासकीय अधिकृतस्तर)को मिति २०७४/१०/१८ को निर्णय अनुसार का.म.पा.बाट असुल गरी आएको व्यवसाय करलाई प्रभावकारी तवरले असुल उपर गर्न प्रत्येक वडा कार्यालय मार्फत मिति २०७४/१२/०१ देखि स्थलगत रुपमा व्यवसाय कर संकलन टोली खटाईएको र सोही बमोजिम व्यवसाय कर संकलन भइ आएको छ । सो कार्य प्रभावकारी बनाउन, प्रचार प्रसार ( माईकिङ तथा पर्चा पम्प्लेट) करदाताको घरमा गइ जनचेतना अभिवृद्धि तथा करदाताहरुसँग कार्यक्रम तथा अन्तरक्रिया गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०७४/०७५ को बजेट लेखा संकेत नं. ८६१३०३ बाट निकासा हुने गरी प्रत्येक वडामा निकासा पठाउन र वडा कार्यालयबाट निम्न बमोजिम खर्च गर्ने गरि मिति २०७४/१२/१३ को का.म.पा. (प्रमुख प्रशासकीय अधिकृत स्तर) बाट निर्णय भएकोले तहाँ विभागबाट का.म.पा.का ३२ वटै वडा कार्यालयहरुलाई रु ५०,०००(अक्षररुपी रु पचास हजार मात्र) निकासा उपलव्ध गराईदिन हुनका लागि निर्णयसँग सम्बन्धीत सक्कलै फाईल यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध छ ।

**खर्च गर्ने तथा सोको लेखा पालन र लेखापरिक्षणका शर्तहरु :**

१. का.म.पा.ले असुल गरी आएको कर सम्बन्धमा पर्चा/पम्प्लेट छपाई तथा वितरण गर्न बढीमा रु ५,०००(अक्षररुपी पाँच हजार मात्र) खर्च गरी, खर्च प्रमाणित गराई ले.प.गराउने ।
२. का.म.पा. लाई तिर्नु/बुझाउनु पर्ने कर शुल्क सम्बन्धमा स्थानीय तहमा क्रियाशिल टोल सुधार समिति/कल्व उपभोक्ता समिति, लगायत विभिन्न संघ/संस्थाहरुको भेला गराउँदा बैठक भत्ता नदिने तर सो भेलामा खाजा, चिया तथा खाना वापत प्रति वडा प्रति भेला बढीमा एक पटकमा रु ३,००० खर्च गर्ने गरी बढीमा रु ३०,०००।- (अक्षररुपी तीस हजार रुपैया मात्र) र सो कार्यका लागि भेलाको माइन्यूट, छलफलका विषय र त्यसबाट अपेक्षित उपलव्धी समेत उल्लेख गर्ने र सो बमोजिम कार्य गरि खर्च गर्ने तथा सोको ले.प.गराउने ।
३. व्यवसाय करको प्रचार-प्रसार, करदाता शिक्षा, माइकिङ तथा अन्य कार्यका लागि बढीमा प्रति वडा रु १५,०००( अक्षररुपी रु पन्ध्र हजार मात्र) खर्च गर्ने गरि एक पटक/दिनमा बढीमा रु ३,०००।- (अक्षररुपी तीन हजार मात्र) सम्म खर्च गरि सो लाई प्रमाणित गर्ने कागजात सुरक्षित तबरले राखी ले.प.गराउने ।

सुमन अधिकारी
उप-निर्देशक

***बोधार्थ :***
श्रीमान् प्रमुखज्यू, का.म.पा., काठमाडौं ।
श्रीमान् उप-प्रमुखज्यू , का.म.पा., काठमाडौं ।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, काठमाडौं ।

***बोधार्थ तथा कार्यार्थ :***
श्री सबै वडा कार्यालयहरु, का.म.पा.- *का.म.पा. वित्त विभागबाट निकासा लिई माथि उल्लेखित कार्यहरु सम्पन्न गर्ने ।*

वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np